# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कोहलपुर बाँके
# कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको

कोहलपुर नगरपालिका, बाँके

कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७९/०८०

[illegible]
पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

| क्र.स | कार्यक्रम | लक्ष्य | बजेट | कार्यान्वयन प्रक्रिया | अवधि | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | कल सेन्टर तथा समन्वय केन्द्र स्थापना | | १०००००० | कल सेन्टर एवं समन्वय केन्द्र संचालन गर्ने र उक्त कार्य संचालाका लागि विद्यमान जनशक्ति बाटै वा नयाँ समेत गरी ४ जना कर्मचारी सहित कोठाको ब्यबस्थापन मिलाउने, सबै माध्यमबाट प्राप्त हुने गुनासो टिपोट अभिलेख र रिपोर्टिङ गर्ने, आन्तरिक तथा बाहय संचारको कार्य गर्ने, हेल्पडेस्क, दर्ता चलानी समेतको कार्य यसै शाखाले व्यवस्था मिलाउने, दमकल, एम्बुलेन्स र कल गुनासोलाई छुट्टाछुटै ब्यबस्थित गर्ने गरी संचालन गर्ने, अत्यावस्यक सेवाका लागि २४ घण्टा नै सेवा प्रवाह गर्ने गरी कार्य व्यबस्थित गर्ने, कर्मचारी ब्यवस्थापन, मसलन्द, संचार, विविध खर्च, विद्युतीय सामग्री लगायत औजार उपकरण खरिद गर्न विनियोजित बजेट प्रयोग गर्ने | नियमित रुपमा गरिने | नेपाल टेलिकमको समन्वयमा, कोहलपुर नगरपालिका सूचना प्रविधि उपशाखा, नगर प्रमुख तथा उपप्रमुखको सचिवालय, सोधपुछ कक्ष/कर्मचारी | • उपलब्ध गराइएको टोल फ्रि नम्बर<br>• नगरपालिकाको निर्णय<br>• सेवाग्राहीबाट प्राप्त<br>• गुनासो तथा सुझावहरूको मासिक प्रतिवेदन |
| २ | जनतासंग मेयर कार्यक्रम : | | ५००००० | जनतासंगमेयर कार्यक्रमका लागि मासिक रुपमा २ वडामा सन्चालन गर्ने गरी कार्यान्वयनमा ल्याउने, प्रति कार्यक्रम रु १५००० को सीमामा रही खर्च व्यवस्थापन गर्ने, उक्त कार्यक्रमका लागि वडाको समग्र विकास शिक्षा, स्वास्थ खानेपानी,पूर्वाधार विकास लगायतका क्षेत्रमा देखिएका समस्याहरुको बारेमा संचारकर्मी, बुद्धिजीवि, शिक्षक एवं वडाका आम जनतासग प्रत्यक्ष अन्तरक्रिया गर्ने गरी कार्यक्रम संचालन गर्ने, अन्तरक्रियाका क्रममा प्राप्त सुझावहरू टिपोट गरी सुधारका कार्यक्रमलाई प्राथमिकतामा राख्ने | हरेक महिना सम्भव भए सम्म १५ र ३० गते | नगर प्रमुख तथा सचिवालय, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | अन्तरक्रिया कार्यक्रमको माइन्युट<br>कार्यक्रममा प्राप्त सुझावहरूको टिपोट<br>खर्चको बिल भर्पाई |

[illegible]
पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | श्रम बैंक संचालन तथा व्यवस्थापन | | १५००००० | कोहलपुर नगरपालिकामा रोजगार बैंक स्थापना गर्ने र उक्त शाखामा विविध क्षेत्रका वेरोजगार श्रमिकहरुको रोष्टर तयार गरी सो को ब्यबस्थापन र समन्वय नगरपालिकाले गर्नेछ र क्रमश यसलाई व्यवस्थिटत प्रणालीका लागि डिजिलाजेसन गर्दै गैइनेछ, कर्मचारी व्यवस्थापन, सुचना पार्टी, बेरोजगारहरूका लागि रोजगारीको प्रकृति अनुसार समन्वय तथा रोजगार व्यवस्थापन गर्ने, बेरोजगारहरूलाई कामको प्रकृति अनुसार सम्झौता करार गरिने, उद्योग तथा विभिन्न संघसंस्थाले आफुलाई चाहिने कर्माचारीको विवरण उपलब्ध गराउने, यो शीर्षकबाट रु ५००००० भिजन कम्पिटिसनको लागि खर्च गरिने, सफ्टवेयर निर्माणमा अधिकतम ५ लाख ब्यवस्था गर्ने र डिजीटल कोहलपुर संग आबद्द हुने गरी सफ्टवेयर निर्माण गर्ने, यस सम्बन्धी आवश्यक सूचना सार्वजनिक गरिने आवश्यकता अनुसार स्वकृती लिई मिल्दो शीर्षकमा खर्च गर्ने । | प्रथम त्रैमासिक | [illegible] संयोजक सूचना प्रविधि उपशाखा, सम्बन्धित रोजगार प्रदायक संस्थाहरू कर्मचारी प्रशासन शाखा | बेरोजगारहरूको लगत संकलन तथा रोष्टर कायम गरिएको सूचि वेवसाइटमा जारी सूचनाहरू रोजगार प्रदायक संस्थाहरूबाट कामदार माग गरेको पत्र बेरोजगारहरूलाई कार्यक्षेत्रमा खटाइएको सम्झौता पत्र तथा सूची |
| ४ | नगरप्रमुख छात्रवृत्ति कार्यक्रम : | | १०००००० | नगर प्रमुख विपन्न छात्रवृत्ति कार्यविधि २०७८ अनुसार प्रक्रिया अघि बढाउने, छात्रवृत्ति वितरणका लागि तथ्यांक संकलनका लागि कम्तिमा पनि ३० दिने सूचना जारी गर्ने, गरीब तथा जेहन्दार विद्यार्थीहरुलाई माध्यामिक तथा उच्च् शिक्षा हासिल गर्नका लागि सम्बन्धित वडा बाट पारिवारिक अबस्था घर गगा आर्थिक विवरण सहित तयार पारि वडा कार्यालयको सिफारिशको आधारमा प्रदान गर्ने, लाभग्राही कोहलपुरको स्थानीय वासिन्दा हुनुपर्ने, छात्रवृत्ति प्रदान गर्दा सरकारी विस्व विद्यालयका आंगिक क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई मात्र प्रदान गरीनेछ साथै पत्रकारिता र कानुन विषय अध्ययन गर्ने विद्यार्थीलाई समेत छात्रवृत्ति गरिने, सम्बन्धित शैक्षिक संस्था , विद्यार्थी र नगरपालिका बिच त्रीपक्षीय सम्झौता गरी छात्रवृत्ति कार्यक्रम लागु गर्दा यसको लागि अन्य निकाय बाट सहयोग, अनुदान तथा छात्रवृत्ति नपाएको हुनुपर्नेछ | प्रथम र दोस्रो त्रैमासिक | सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, वडा कार्यालयहरू | छात्रवृत्ति कार्यविधि नगरपालिकाबाट जारी सूचना प्राप्त निवेदनहरू वडा कार्यालयको सिफारिस छनौट समितिको निर्णय माइन्युट तथा सिफारिस छात्रवृत्ति वितरणका लागि आवश्यक सम्झौता छात्रवृत्ति वितरणको भर्पाई वा भौचर |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विज्ञ समूह संचालन व्यवस्थापन तथा स्वेतपत्र निर्माण कार्यक्रम | | १५००००० | स्वेत पत्र निर्माणका लागि सो सम्बन्धी अनुभव भएका विज्ञ वा परामर्शता नियुक्त गरी नगरपालिकाले सबै शाखा उपशाखाहरूले आआफ्नो प्रगति स्थिति उपलब्ध गराई आ आफ्नो शाखाको वास्तविक अवस्था के छ सो को अध्ययन गरी स्वेत पत्र निर्माणका लागि आ आफ्नो शाखाको प्रतिवेदन तयार गरी स्वेत पत्र निर्माणमा सहजीकरण गर्ने । यसमा विनियोजित बजेट परामर्श, खाना खाजा, यातायता, मसलन्द, गोष्ठी बैठक आदिमा खर्च गर्न सकिने । विज्ञ समूह परिचालन अन्तर्गत विभिन्न क्षेत्रका विज्ञहरु लाई सल्लाहकार एवं विज्ञको रुपमा नियुक्त गरी निजहरुलाई विशेष विषयमा राय सुझाव लिने । निजहरुलाई बैठक खर्च, संचार, यातायात, खाना खाजा खर्च, पारिश्रमिक समेत उपलब्ध गराउन सकिने । | नियमित रुपमा गरिने | प्रमुख प्रशासकीय अधिकृत तथा कर्मचारी प्रशासन शाखा सम्बन्धित सबै शाखा तथा उपशाखाहरू , योजना शाखा, आर्थिक प्रशासन शाखा | नगरपालिकाले जारी गरेको सूचना शाखा/उपशाखाबाट प्राप्त प्रतिवेदन वा श्वेतपत्रहरू |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विद्युतीयचुलो तथा विध्युतीय सवारी साधन प्रोत्सहान कार्यक्रम: | | २०००००० | विद्युतीय चुलो तथा विद्युतीय सवारी साधन प्रोत्साहन कार्यक्रमको लागि जनप्रतिनिधी वा कर्मचारीको माग सहितको निवेदन संकलन गरी प्राथमिकता निर्धारण गरिने, नगरपालिका बाट पारिश्रमिक र सेवा सुबिधा उपलब्ध हुने कर्मचारी र जनप्रतिनिधिले आफ्नै वा एकाघरको व्यक्तिको नाममा चुलो खरिद गरेमा एक वटा चुलो एउटा परिवारलाई उपलब्ध गराउने र अधिकतम १५ हजार सम्म पर्ने विधुतीय चुलो खरिद गर्दा भ्याट बिला सहित निबेदन गरेमा कुल लागत मुल्यको २५ प्रतिशत ले हुन आउने रकम पहिलो निवेदनलाई प्राथमिकताको आधारमा प्रदान गरीनेछ, विधुतीय सवारी साधनको हकमा कर्मचारी वा जनप्रतिनिधिले आफ्नो नाममा वा एकाघरको व्यक्तिको नाममा खरिद गरेमा कुल खरिद मुल्यको १५ प्रतिशत वा ५० हजार जुन कमी हुन आउछ सो रकम बराबर अनुदान दिने, सवारी साधनमा कोहलपुर नगरपालिकाबाट पर्बर्धित एवं सहकार्य गरिएको विद्युतीय साधन भनी स्टिकर टाँस्ने र त्यस्तो कर्मचारी वा जनप्रतिनिधिलाई ईन्धन बाफतको खर्च रकम उपलब्ध नगराउने । पार्किङ स्थलमा विधुतीय सवारी साधनको लागि चार्जिङ् सेन्टरको व्यबस्था गर्ने । जनप्रतिनिधी एवं कर्मचारीको समेत माग नभएमा २०७९ चैत्र मसान्त पश्चात कोटा बाँकी रहेमा सामुदायिक विद्यालयका स्थायी शिक्षकलाई यो सुविधा उपलब्ध गराउने । सर्वप्रथम यो कार्यको लागि चुल्होतर्फ १५० थान*३५०० औषत मुल्य र साधन तर्फ २० थान * ४५००० औषत मुल्य कायम गरी कोटा निर्धारण गर्ने । बाँकी रकम विद्युतको बिल एवं चार्जिङ् स्टेशनमा खर्च गर्ने । यस बमोजिम रकम खर्च हुन नसकेमा कार्यालयले आफै विद्युतीय सवारी साधन खरिद गर्ने । | प्रथम वा दोस्रो त्रैमासिक | नगर कार्यपालिका, आर्थिक विकास शाखा, खरिद शाखा वा समिति मूल्यांकन समिति, आर्थिक प्रशासन शाखा साझेदार संस्थाहरू | कार्यक्रम अनुसारको कार्यविधि सार्वजनिक सूचना नगरपालिकाको वा छनौट समिति खरिद समिति मूल्यांकन समितिको निर्णय लाभग्राही सँगको सम्झौता पत्रखरिद तथा दाखिला प्रतिवेदन बिल वा भर्पाईहरू |
| ७ | विद्युतीय सार्वजनिक सवारी साधनमा लगानी साझेदारी | | ८०००००० | प्रदेश सरकारको कानून तथा मापदण्ड अनुसार कम्पनीको शेयर खरिद गरी लगानी साझेदारीमा कार्यक्रम गर्ने १२ औं नगर सभासम्म प्रदेश सरकारको विधि मापदण्ड वा कानून नभई कार्यक्रम संचालन हुन नसकेमा सो रकम मध्ये नगर प्रहरीको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम विद्युतीय भ्यान खरिद गर्ने | तेस्रो त्रैमासिक | नगरपालिका जिन्सी तथा खरिद इकाइ, मूल्यांकन समिति | कार्यक्रममा लगानी साझेदारीको सम्झौता खरिद गरिएको विद्युतीय सवारी साधन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | भिजन कम्पिटिसन | | ५०००००(श्रम बैंक संचालन कार्यक्रमबाट खर्च गरिने) | कोहलपुर र नगरपालिकाको वर्तमान अवस्था विश्लेसन गरी आगामी दिनमा पूर्वाधार ,आर्थिक विकास ,सस्थागत विकास ,सामाजिक विकास ,वातावरण तथा विपत व्यबस्था र सुशासन विकासको क्षेत्रमा low cost and no cost मा प्रस्तावना पेश गर्न खुला प्रस्ताव आह्वान गर्ने, प्रस्तापकले आफ्नो विज्ञता सहितको प्रस्तावना पेश गर्ने, प्रस्तावना मध्ये संक्षिप्त सुचीमा पर्नेको प्रस्तावना स्वयम उपस्थित भई वा भर्चुअल माध्यम बाट कार्यपालिकामा प्रस्तुत गर्नु पर्ने, छनोट भएका उत्कृष्ट भएका प्रस्तावलाई पुरस्कार प्रदान गर्ने र नगरपालिकाको दीर्घकालीन नीतिको रुपमा स्वीकार गरी कार्यान्वयन गर्ने प्रथम द्वितीय तथा तृतीय हुने दुरदृष्टीका लागि क्रमश १५००००, १००००० र ५०००० पुरस्कार राशी प्रदान गर्ने । कोहलपुर नगरपालिका भित्रको पर्यटकीय सम्भावना, लगानी ,व्यापार पर्बर्धन गर्न सघाउने प्रमुख व्यक्तिहरुलाई सद्भावना दुत नियुक्ति गरीनेछ जसले समग्र कोहलपुर विकासको रास्ट्रीय तथा अन्तर्राष्ट्रिय तहबाटै कार्य गर्न सक्ने इच्छुक व्यक्तिलाई सद्भाव दुतको रुपमा नियुक्त गरिनेछ । | तेस्रो त्रैमासिक | प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, खरिद तथा मूल्यांकन समिति, कर्मचारी प्रशासन शाखा, आर्थिक विकास शाखा, सूचना प्रविधि उपशाखा, आर्थिक प्रशासन शाखा | नगरपालिकाको निर्णयजारी गरिएको सार्वजनिक सूचनापेश गरिएका प्रस्तावहरू छनौट समितिको माइन्युट तथा निर्णय पुरस्कार राशिको भर्पाई तथा बिलहरू छनौट भएको भिजन सहित कार्य सम्पन्न प्रतिवेदन |
| १० | राष्ट्रियस्तरको क्रिकेट प्रतयोगिता : | | ३०००००० | राष्ट्रिय स्तरको प्रतियोगिताको लागि नगरपालिकाले निर्णय गर्ने बजेट निर्धारण गर्ने तथा मूल आयोजक समिति गठन गर्ने , राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको लागि नगरस्तरीय खेलकुद विकास समितिको सहकार्यमा जिल्ला क्रिकेट संघ बाँकेलाई व्यवस्थापनको जिम्मा दिने र शर्तसहित सम्झौता गरिने, प्रतियोगिता संचालनको लागि देशव्यापी रुपमा कम्तिमा पनि ३० दिनको सार्वजनिक सूचना जारी गरिने, प्राप्त निवेदनहरूबाट आवश्यक दर्ता शुल्क सहित टिमहरू आयोजकले दर्ता गर्ने, आयोजना कोहलपुर नगरपालिकाले गर्ने गरी प्रतियोगिता संचालन गर्ने, पिच निर्माण र कार्यक्रम संचालनको प्रस्तावना क्यान बाट प्राप्त गरी मिति, समय र खर्चको दर रेट क्यान बाँकेको समन्वयमा कार्यपालिकाबाट निर्णय गरे बमोजिम हुने .बाँके जिल्ला भित्रका पालिकाहरुलाई बजेट सह लगानीको लागि कोहलपुर नगरपालिकाले अनुरोध गर्ने । | तेस्रो त्रैमासिक | नगर कार्यपालिका, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा,खरिद तथा मूल्यांकन शाखा, समिति आर्थिक प्रशासन शाखा, नगरस्तरीय खेलकुद विकास समिति, क्यान बाँके | नगरपालिकाको निर्णयको माइन्युट प्रतियोगिता सम्बन्धी कार्यविधि जारी सार्वजनिक सूचना आयोजक र संचालक बीच गरिएको सम्झौता पत्रदर्ता भएका टिमहरू पुरस्कार तथा पारिश्रमिकको भर्पाइ बिलहरू |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | लोकसेवा आयोग तयारी कक्षा: | ५००००० | सम्बन्धित शाखाले प्रस्तावना तयार गरी स्विकृत भए बमोजिम कार्यक्रम संचालनका लागि नर्म्ससहित पेश गर्ने, तयारी कक्षा लागि लक्षित वर्ग विपन्न दलित सिमान्तकृत महिला लगायत सबै समावेशी समूहलाई समेटिने गरी आवश्यक संख्या निर्धारण गर्ने, सम्बन्धित सेवा समूह उपसमूत तह श्रेणी विषय संख्या तथा कक्षाको अवधि खुलाई सहभागीहरूका लागि कम्तिमा पनि १५ दिने सूचना जारी गर्ने, तयारी कक्षाका लागि आवश्यक सम्भव भएसम्म आन्तरित तथा बाह्य प्रशिक्षकहरूको रोष्टर तयार गर्ने नगरपालिकाको नर्म्समा आधारित रही खर्च व्यवस्थापन गर्ने | दोस्रो तथा तेस्रो त्रैमासिक | सामाजिक विकास शाखा, आर्थिक प्रशासन शाखा, कर्मचारी प्रशासन शाखा | कार्यक्रमको नर्म्स<br>कक्षा संचालनको लागि जारी सूचना<br>सहभागी तथा प्रशिक्षकहरूको सूचि<br>प्रशिक्षक तथा सहभागीहरूको उपस्थिति हाजिरी<br>पारिश्रमिकको भर्पाई तथा बिलहरू |
| १२ | कोहलपुर डीजिटलाईजेसन् (Digitalization) | १००००००० | कोहलपुर नगरपालिकालाई डिजिटलाइजेसनका लागि नगरपालिकाबाट निर्णय गरिनेछ । १५ वटा वडा कार्यालय, आधारभूत स्वास्थ केन्द्र, सामुदायिक बिद्यालय सम्म आफनै अफटिकल फाइवर विस्तार, जडान, रसंचालनर नियमन गर्ने र आफ्नै छुटै सर्वर विकास गर्ने जस्ता पक्षहरु समावेस गरी डी पी आर तयार गरी कार्यपालिका बाट स्वीकृत भएपछी कार्य अगाडी बढाइनेछ ।नगरपालिकाको निर्णयका आधारमा निर्धारित बजेटको सीमामा रही टेन्डर प्रक्रियाद्वारा कार्यक्रम कार्यान्वयन गरिनेछ । | प्रथम तथा दोस्रो त्रैमासिक | नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि उपशाखा, खरिद शाखा तथा मूल्यांकन समिति,आर्थिक प्रशासन शाखा,सबै वडा कार्यालयहरू | नगर कार्यपालिकाको निर्णय<br>अप्टिकल फाइबर विस्तार<br>निर्माण गरिएका वेवसाइट तथा सर्भरहरू टेन्डर आह्वानको सूचना |
| १३ | सुलभ भोजनालय संचालन: | १५००००० | यस कार्यक्रम सम्बन्धमा नगर कार्यपालिकाको निर्णय तथा आवश्यक बजेट व्यवस्थापन. नगरपालिकाले नगर विकास संग समन्वय गरी जग्गा उपलब्ध गराउने. न्युनतम शुल्कमा शुद्द शाकाहारी भोजन उपलब्ध गराउने गरी गैह्र नाफामुलक सामाजिक संघसंस्था, व्यक्ति वा दर्ता भएका फामहरुलाई प्रस्तावना माग गर्ने, प्रस्तावनाका आधारमा नियमानुसार प्राथमिकताका आधारमा प्रस्तावकसँग भोजनालय संचालनका लागि द्विपक्षीय सम्झौता गरिने | प्रथम त्रैमासिक | नगर विकास समिति तथा नगर कार्यपालिका,<br>आर्थिक विकास शाखा,<br>योजना तथा पूर्वाधार विकास शाखा,<br>आर्थिक प्रशासन शाखा,<br>जिन्सी तथा खरिद शाखा | नगरपालिका तथा नगरविकास समिति बिचको जग्गा उपलब्ध गराउने निर्णय<br>प्रस्ताव आह्वानको प्रति<br>भोजनालय संचालनको लागि द्विपक्षीय सम्झौता पत्र |
| १४ | सुनौलाहजार दिन कार्यक्रम: | १०००००० | १. नगरपालिकाका सबै स्वास्थ संस्थाहरु बाट गर्भजाच (ANC)गर्न आउने महिलाई पोषण कार्यक्रमको प्याकेज बनाइ वितरण गर्ने<br>२. स्वास्थ्य शाखा बाट कार्यक्रमको खर्च ब्रेकडाउन गराई सो स्वीकृत गराई कार्यक्रम संचालन गर्ने | प्रथम वा दोस्रो त्रैमासिक | सामाजिक विकास समिति, स्वास्थ्य शाखा, सामाजिक विकास शाखा,<br>आर्थिक प्रशासन शाखा | कार्यक्रमको नर्म्स<br>कार्यक्रमबारे भएको निर्णय<br>खर्चको भर्पाई तथा बिलहरू |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | न्यायिक समिति | | १५००००० | १. न्यायिक समितीले निर्णय गरी ब्रेकडाउन गरे बमोजिम हुने | आवश्यकता अनुसार | न्यायिक समिति, सचिवालय | न्यायिक समितिका निर्णयहरू कार्यसम्पादन प्रतिवेदन खर्चका बिल तथा भर्पाईहरू |
| १७ | संचारक्षेत्र प्रोत्साहन कार्यक्रम: | | ४००००० | कार्यक्रमका बारेमा नगरपालिकाबाट निर्णय गरी आवश्यक बजेट व्यवस्थापन गर्ने, उत्कृष्ट पत्रकारिताको लागि सुशासन समितिले सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्ने, उत्कृस्ट पत्रकारिता पुरस्कार २०७९ श्रावण १ देखि पुरस्कार वितरणको एक हप्ता अघिसम्म समग्र कोहलपुर नगरपालिकाको विकास, सुशासन, सेवा प्रवाह एव कार्यक्रमहरुको निशुल्क समाचार प्रकाशन र प्रसारण गर्नेहरु मध्ये सो को प्रमाण पेश गरेको आधारमा सबै भन्दा बढी रचनात्मकएव खोजमुलक समाचार लेख्ने र प्रकाशन एव प्रसारण गर्ने पत्रकारलाई पुरस्कार छनौट तथा सिफारिस समितिबाट छनौट तथा सिफारिस गरिनेछ। समाचार संख्याको आधारमा प्रथम,द्वितीय र तृतीय हुनेलाई कोहलपुर सर्बोउत्कृष्ट, उत्कृष्ट एवं कोहलपुर पत्रकारिता पुरस्कार प्रदान गरीने सो को लागि पुरस्कार राशी क्रमस १ लाख १ हजार र ५१ हजार र २५ हजार रहने। उक्त पुरस्कार नगरपालिका स्थापना दिवशको अवसरमा वितरण गरिने। | चौथो त्रैमासिक | सुशासन समिति, नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाको निर्णय प्रस्ताव आह्वानको सूचनाप्राप्त दर्खास्तहरू छनौट समितिको निर्णय वर्षभरी प्रकाशन गरिएका सामग्रीहरू पुरस्कारको भर्पाई तथा बिलहरू |
| १८ | विद्यालय तथा सार्वजनिक स्थलहरूमा खानेपानी व्यवस्था | | ३०००००० | आवश्यकताका आधारमा शिक्षा समिति वा कार्यपालिकाको निर्णयानुसार विद्यालय वा संस्थाबाट सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्ने प्रस्तावका आधारमा शिक्षा समिति वा नगरपालिकाबाट निर्णय गरी पूर्वाधार तथा योजना शाखाको समन्वयमा लागत स्टिमेट तयार गर्ने सम्बन्धित विद्यालय वा संस्थासँग नगरपालिकाले सम्झौता गर्ने निर्धारित समयमा कार्यसम्पादन पश्चात अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गर्ने | दोस्रो त्रैमासिक सम्म सम्झौता गरिसक्नु पर्ने | शिक्षा समिति, योजना तथा पूर्वाधार विकास शाखा, आर्थिक प्रशासन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा | नगरपालिका वा शिक्षा समितिको निर्णय द्विपक्षीय सम्झौता पत्र प्राविधिक लागत स्टिमेट प्राविधिक अनुगमन प्रतिवेदन कार्यसम्पादन प्रतिवेदन बिल तथा भर्पाई |
| १९ | सडक मानव सेवा गर्ने संस्थालाई सहयोग कार्यक्रम | | ५००००० | सडक मानव व्यवस्थापनको लागि सहयोगी संस्थाका लागि नगरपालिकाको निर्णयका आधारमा सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्ने, सम्बन्धित साझेदार संस्थाको प्रस्तावनाको आधारमा संस्था छनौट गरी नगरपालिकाको निर्णय गर्ने, प्रस्तावनामा पेश गरिएका कार्यक्रमका आधारमा संस्था छनौट गरिने, एक वा एकभन्दा बढी संस्थसँग समेत सम्झौता गर्न सकिने, कार्यसम्पादन तथा प्रगति प्रतिवेदनका आधारमा भुक्तानी गर्ने | दोस्रो तथा तेस्रो त्रैमासिक | सामाजिक विकास शाखा, आर्थिक प्रशासन शाखा, सम्बन्धित साझेदार संस्थाहरू | नगरपालिकाको निर्णय सार्वजनिक सूचना प्रस्तावना पत्रहरू द्विपक्षीय सम्झौता पत्र कार्य सम्पादन वा प्रगति प्रतिवेदन बिल तथा भर्पाईहरू |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | दिगो विकास लक्ष्यको स्थानीयकरण | | ५००००० | सामाजिक विकास समितिको निर्णयानुसार मितव्ययी तथा प्रतिस्पर्धात्मक तरिकाले कार्यक्रमका आधारमा खर्च गर्ने | दोस्रो त्रैमासिक | सामाजिक विकास समिति, सामाजिक विकास शाखा, आर्थिक विकास शाखा | कार्यक्रमको खाका तथा प्रस्तावना<br>कार्यक्रमको उपस्थिति तथा माइन्युट<br>बिल तथा भर्पाईहरू |
| २१ | समाधि स्थलको सम्भाव्यता अध्ययन | | ५००००० | नगर प्रमुखको निर्णय तथा समन्वयमा उपयुक्त स्थान पहिचान गरी पूर्वाधार विकास शाखाले विस्तृत परियोजना प्रतिवेदन सहित कार्यान्वयन गर्ने | प्रथम त्रैमासिक | नगर प्रमुख तथा सचिवालय, पूर्वाधार विकास शाखा, आर्थिक विकास शाखा | सम्भाव्यता अध्ययनको प्रतिवेदन<br>अनुगमन प्रतिवेदन |
| २२ | सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम | | ५००००० | प्रत्येक आयोजनाहरू फरफारक गर्नु पूर्व सार्वजनिक सुनुवाइ गर्ने कार्य बाहेकका अतिरिक्त प्रतिस्पर्धात्मक तवरले दर रेट निर्धारण गरी प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ र आवश्यकता अनुसार सामाजिक परीक्षण गर्ने | प्रत्येक चौमासिकमा | प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | सार्वजनिक सुनुवाइको माइन्युट वा प्रतिवेदन<br>खर्चका बिल तथा भर्पाईहरू |
| २३ | भूमि आयोगको कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च | | ५०००००० | राष्ट्रिय भूमि आयोग एवम् नगरस्तरीय समितिको मापदण्ड तथा निर्णय बमोजिम कार्यक्रम गरी बजेट खर्च गर्ने | दोस्रो त्रैमासिक | आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा | राष्ट्रिय भूमि आयोगको मापदण्ड<br>नगरस्तरीय समितिका निर्णयहरू<br>खर्चका बिल तथा भर्पाईहरू |
| २४ | विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग समन्वय सहकार्य | | ५०००००० | विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले पेश गरेको प्रस्ताव तथा कार्यक्रमका आधारमा नगरपालिकाको निर्णय अनुसार नगरपालिकालाई प्रत्यक्ष सम्बध राख्ने विविध सार्वजनिक सरोकारका कार्यक्रममा साझेदारी समन्वय तथा सहकार्य गर्ने | दोस्रो त्रैमासिक | प्रशासन शाखा, सामाजिक विकास शाखा लगायत कार्यक्रम सँग सम्बन्धित विविध शाखाहरू, आर्थिक प्रशासन शाखा | कार्यक्रमबारे प्रस्तावनानगरपालिका वा सम्बन्धित शाखासँगको सम्झौताकार्यसम्पन्न प्रतिवेदनबिल तथा भर्पाईहरू |
| २५ | करदाता सम्मान तथा राजश्व अभिवृद्धि कार्यक्रम | | ५००००० | राजश्व शाखाको समन्वयमा नगरपालिकामा सबैभन्दा बढी कर दाखिला गर्ने करदाता व्यक्ति उद्योग तथा फर्मको सूचि तयार गर्न लगाउने, राजश्व शाखाको सूचिका आधारमा नगरपालिकाले उत्कृष्ट करदाताको निर्णय गर्ने, आर्थिक वर्षभरीको कारोबार र कर तिरेको प्रमाणको आधारमा करदातालाई, सार्वजनिक कार्यक्रममा सम्मान तथा पुरस्कार प्रदान गर्ने | चौथो त्रैमासिक | नगरपालिका, राजश्व शाखा, आर्थिक प्रशासन शाखा | सर्वाधिक कर तिर्ने करदाताको रकम सहितको सूचि<br>सम्मान तथा पुरस्कारको बिल भर्पाई |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | दिवसीय कार्यक्रम | | ५००००० | राष्ट्रिय संविधान दिवस, निजामति सेवा दिवस, शिक्षा दिवस, वातावरण दिवस लगायत राष्ट्रिय महत्वका विभिन्न दिवस तथा समारोहमा नगरपालिका तथा नगरपालिकाका विभिन्न शाखाहरूले प्रस्तावना स्वीकृत गरी आयोजना गरेको कार्यक्रममा खर्च गर्ने, नगरपालिका तथा शाखाबाट कार्यक्रमको नर्म्स तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई कार्यक्रम संचालन गर्ने, दिवस तथा समारोहका अवसरमा आयोजित कार्यक्रममा खाजा खाना पुरस्कार तथा सम्मान कार्यक्रममा खर्च गरिने | आवश्यकता अनुसार | नगरपालिका विभिन्न शाखाहरू तथा कर्मचारीहरू आर्थिक प्रशासन शाखा | कार्यक्रमको उपस्थितिं माइन्युट<br>दिवस तथा समारोह संचालनको निर्णय<br>पुरस्कार तथा सम्मानको राशी बिल भर्पाई |
| २७ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | | १५०००००० | कोहलपुर नगरपालिका क्षेत्रमा संचालित स्थानीय संचार माध्यमहरूलाई प्रोत्साहन तथा प्रबर्द्धनका प्रस्ताव तथा कार्यक्रमका आधारमा, नरपालिकाको निर्णयानुसार कार्यक्रम बाँडफाँड गर्ने, स्थानीय संचार माध्यमले पेश गरेको कार्यक्रम अनुसार द्विपक्षीय सम्झौता गर्ने, कार्यसम्पादन प्रतिवेदनका आधारमा भुक्तानी गर्ने | आवश्यकता अनुसार | आर्थिक प्रशासन शाखा, जिन्सी तथा खरिद शाखा, कार्यक्रम सँग सम्बन्धित शाखाहरू | प्रस्तावित कार्यक्रमको खाका नगरपालिकासँगको सम्झौताको निर्णय तथा सम्झौता पत्र<br>कोहलपुर नगर क्षेत्र सम्बन्धित लेख समाचार तथा सार्वजनिक सरोकारका विज्ञापनहरू<br>बिल तथा भर्पाईहरू |
| २८ | सेवा र परामर्श खर्च | | ३०००००० | कार्यपालिका वा नगरपालिकाको निर्णय बमोजिम अध्ययन अनुसन्धान तथा सोध खोज कार्य आदि गर्नु पर्ने भएमा प्रतिस्पर्धात्मक तवरमा आवश्यकता अनुसार खर्च गर्ने | आवश्यकता अनुसार | योजना तथा पूर्वाधार विकास शाखा, आर्थिक प्रशासन शाखा | नगरपालिकाको निर्णय<br>खोज अनुसन्धान कार्यको डिपिआर<br>खर्चका बिल तथा भर्पाईहरू |
| २९ | अन्य सामाजिक सहायता | | १५०००००० | नगर प्रमुखको तोक आदेशमा अत्यावश्यक सहायता आवश्यक पर्ने विपन्न व्यक्तिलाई अधिकतम रु ५००० सहायता गर्ने रु ५००० भन्दा माथि सहायता उपलब्ध गराउनु पर्ने भएमा नगर प्रमुखको सिफारिसमा कार्यपालिकाबाट निर्णय गराई सहायता उपलब्ध गराउने | आवश्यकता अनुसार | नगर प्रमुख तथा नगर प्रमुखको सचिवालय, आर्थिक प्रशासन शाखा | सहायताको निवेदन<br>नगर प्रमुख वा कार्यपालिकाको निर्णय<br>भुक्तानीको सिट |
| ३० | प्रतिभाको खोजी | | | नगरपालिकाको सुशासन समितिले तय गरे बमोजिम हुने। | | | |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | कर्मचारी तथा पदाधिकारी दुर्घट्ना विमा तथा स्वास्थ्य विमा कार्यक्रम | | २०००००० | विभिन्न बिमा कम्पनीका प्रिमियम र अधिकतम जोखिम बहन र बिमितले प्राप्त गर्ने अधिकतम लाभ तुलना गरी सोही बमोजिमको सेवा सुविधा उपलब्ध गराउने शर्तमा कार्यक्रम सम्झौता गर्ने | प्रथम त्रैमासिक | आर्थिक प्रशासन शाखा | बिमा कम्पनीको ब्रोसर तथा सेवा सुविधा सम्बन्धी जानकारी<br>द्विपक्षीय सम्झौता पत्र |
| | यस कार्यान्वयन पुस्तिकामा समावेश नभएका विषयगत शाखा एवं अन्य कार्यक्रमहरुको हकमा सम्बन्धित शाखाको सिफारिसमा सम्बन्धित समितिले निर्णय गरी अख्तियारवाला सँग स्वीकृती गराएर कार्यक्रम संचालन गर्ने । | | | | | | |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखाको आ.व. २०७९/०८० का लागि समानीकरण अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेटको कार्यान्वयन पुस्तिका

| क्र. सं. | कार्यक्रमको शीर्षक | लक्ष्य | इकाई | बजेट | कार्यान्वयन प्रक्रिया | समयावधि | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर अनुदान शिक्षक तलब भत्ता (अघिल्लो आ. व. को ५५०००००सहित) | ४१ | जना | २६८२०००० | • नगरपालिकाको निर्णय अनुसार प्रचलित स्केलका आधारमा तहगत रुपमा १२ महिनाको तलब भत्ता निकासा गर्ने<br>• १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्च स्वरूप उपलब्ध गराउने<br>• प्रति शिक्षक वार्षिक एकमुष्ट रु. १००००/- रुपैयाँ पोषाक खर्च उपलब्ध गराउने<br>• अघिल्लो आ. व. २०७८/०७९ को दायित्व जनाइएको तलब भत्तामा खर्च गर्ने | नियमित रुपमा गरिने | • विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • शिक्षक तलब निर्धारणको सम्बन्धमा नगरपालिकाको निर्णय<br>• शिक्षकको प्रमाणित हाजिरी<br>• विद्यालयको माग फाराम<br>• निकासा प्रतिवेदन वा सिट |
| २ | कर्मचारी तथा बालविकास शिक्षक तलब भत्ता (नगर पालिकाबाट थप गरिनुपर्ने) | १२४ | जना | ११३७५००० | • बा वि स का तथा कार्यालय सहयोगीलाई प्रति महिना रु. ७०००/- का दरले १ महिनाको चाडपर्व खर्च सहित जम्मा १३ महिनाको थप तलब खर्च<br>• विद्यालय सहायक कर्मचारीलाई नगरपालिकाको निर्णयानुसार प्रति महिना रु. ५०००/- का दरले १ महिनाको चाडपर्व खर्चसहित १२ महिनाको तलब खर्च<br>• पोषाक भत्ता सशर्त अनुदानबाट उपलब्ध गराउने | नियमित रुपमा गरिने | • विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • तलब निर्धारणको सम्बन्धमा नगरपालिकाको निर्णय<br>• कर्मचारीको प्रमाणित हाजिरी<br>• विद्यालयको माग फाराम<br>• निकासा प्रतिवेदन वा सिट |
| ३ | स्वयमसेवक शिक्षक परिचालन | १५ | जना | ३५००००० | • वागेश्वरी बहुमुखी क्याम्पसमा स्नातक तह तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू तथा क्याम्पस प्रशासनसँग सम्झौता गर्ने<br>• स्वयंसेवक शिक्षकको लागि आवश्यक प्रावधानहरू राखी नगरपालिकाले एकमुष्ट तह तथा विषय खुलाई विज्ञापन गर्ने<br>• विद्यार्थी संख्या उच्च भएको र शिक्षक दरबन्दी न्यून भएको विद्यालयमा स्वय सेवक शिक्षक खटाइनें<br>• सम्झौता बमोजिम आधिकारिक रुपमा अध्ययनरत विद्यार्थीसँग मात्र सेवा करार गरिने<br>• सेवा करार पश्चाच शिक्षा समितिको निर्णयानुसार नगरपालिकाले आवश्यकताका आधारमा विद्यालयमा खटाउने<br>• विद्यालयले पेश गरेको प्रमाणित हाजिरी तथा माग फारामका आधारमा खर्च निकासा गर्ने<br>• सेवा सुविधा नगरपालिकाले निर्धारण गरी सम्झौता गरे बमोजिम उपलब्ध गराउने | भदौ मसान्त सम्म करार सम्झौता सम्पन्न गरिसक्नु पर्ने प्रत्येक त्रैमासिकमा रकम निकासा | • नगर शिक्षा समिति<br>• विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • सम्झौता सम्बन्धी समिति वा नगरपालिकाको निर्णय<br>• करार सम्झौताको पत्रको प्रतिलिपि<br>• कर्मचारीको प्रमाणित हाजिरी<br>• विद्यालयको माग फाराम<br>• निकासा प्रतिवेदन वा सिट |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | शैक्षिक सस्थाहरुलाई चालु अनुदान | ३० | विद्यालय | २०००००० | • अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा घोषित भएकाले कक्षा ८ सम्म संचालनमा रहेका सबै विद्यालय<br>• विद्यालयले कक्षा ८ सम्म विद्यार्थीबाट कुनै पनि शुल्क नलिने शर्तमा पानी बिजुली तथा आन्तरिक परीक्षा संचालनमा खर्च गर्ने<br>• कक्षा १ देखि ८ सम्म संचालनमा रहेका विद्यालयको लागि वार्षिक एकमुष्ट रु ७५०००<br>• कक्षा १ देखि ५ सम्म संचालनमा रहेका विद्यालयको लागि वार्षिक एकमुष्ट रु ५०००० | प्रथम त्रैमासिक | • विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • विद्यालयबाट प्राप्त खर्चको बिल भर्पाईको फाइल<br>• खर्च विवरण सहित प्रतिवेदन निकासा सिट |
| ५ | आधारभूत तह (६-८) विद्यालयलाई सलेपा कर्मचारी अनुदान | ८ | जना | २०२८००० | • नगरपालिकाको निर्णयानुसार कक्षा १ देखि ८ सम्म संचालनमा रहेका आधारभूत विद्यालयको आर्थिक प्रशासन हेर्नका लागि १ जना सलेपा नियुक्तिका लागि अनुदान व्यवस्थापन गर्ने<br>• प्रति महिना रु. १८५०० को दरले नियुक्त भएपछि हाजिर भएको मितिदेखि लागु हुने गरी विद्यालयले पेश गरेको माग फारामका आधारमा निकासा दिने<br>• कर्मचारी नियुक्ति पदस्थापन तथा सेवा सुविधाबारे नगरपालिकाले जारी गरेको कार्यविधि बमोजिम हुनेछ। | प्रथम त्रैमासिक | • नगर कार्यपालिका<br>• नगर शिक्षा समिति<br>• विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • नियुक्ति तथा हाजिर गराएको पत्र<br>• विद्यालयको माग फाराम<br>• शिक्षकको हाजिरी पत्र<br>• निकासाको सिट |
| ६ | विद्यालय तथा परीक्षा अनुगमन निरीक्षण खर्च | १ | नियमित | २५०००० | • शिक्षा शाखाका कर्मचारीबाट नियमित विद्यालय अनुगमन गरी शैक्षणिक सुधार तथा प्राविधिक सहयोग उपलब्ध गराउने<br>• आवश्यकता अनुसार शिक्षा समितिका जिम्मेवार पदाधिकारीबाट समेत संयुक्त वा छुट्टा छुट्टै अनुगमन गरिने<br>• कक्षा माध्यमिक (SEE, SLC) तथा आधारभूत तह (BLE) को परीक्षा अनुगमन गरिने<br>• अनुगमनमा देखिएका कमीकमजोरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने | नियमित रुपमा गरिने | • नगर प्रमुख, उप प्रमुख<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• शिक्षा समिति<br>• सामाजिक विकास समिति<br>• शिक्षक महासंघ क्रिसा<br>• शिक्षा शाखाका कर्मचारीहरू | • अनुगमन तथा निरीक्षण फाराम<br>• अनुगमन प्रतिवेदन वा माइन्युटको प्रति |
| ७ | प्रधानाध्यापकहरूलाई प्रोत्साहन भत्ता (१५००/१०००/५००) | ३० | जना | ३८५००० | • सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको लागि प्रोत्साहन स्वरूप खर्च गरिने<br>• माध्यमिक तहको प्रअको लागि मासिक रु. १५००/-, आधारभूत (१-८) तहको प्रअको लागि मासिक रु. १०००/- र आधारभूत (१-५) तहको प्रअको लागि मासिक रु. ५००/- खाइपाइ आएको सुविधामा थप सुविधा उपलब्ध गराउने<br>• प्रत्येक त्रैमासिकमा तलब निकासासँगै विद्यालयको खातामा निकासा गर्ने | प्रत्येक त्रैमासिक | • विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • प्रोत्साहन भत्ताबारे नगरपालिकाको निर्णय<br>• प्रअको प्रमाणित हाजिरी<br>• विद्यालयको माग फाराम<br>• निकासा प्रतिवेदन वा सिट |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय पाठ्यक्रम सुदृढीकरण पाठ्यपुस्तक छपाइ तथा प्रबोधीकरण | १ | आवश्यकता अनुसार | १०००००० | • कोहलपुर नगरपालिकामा शैक्षिक सत्र २०७९ देखि लागु गरिएको स्थानीय पाठ्यक्रम प्रबोधीकरण तथा समयानुसार सुदृढीकरणका लागि खर्च गरिने<br>• कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक निर्माण तथा छपाइ गरिने<br>• स्थानीय पाठ्यक्रम निर्माणको लागि विज्ञ सहितको समिति गठन गरी जिम्मेवारी प्रदान गरिने | प्रथम तथा दोस्रो त्रैमासिक | • नगर कार्यपालिका<br>• नगर शिक्षा समिति<br>• स्थानीय पाठ्यक्रम निर्माण समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा | • सरोकारवालाहरूको बैठक माइन्युट तथा निर्णयहरू<br>• स्थानीय पाठ्यक्रम निर्माण समितिको निर्णयसहितको माइन्युट<br>• छपाइ गरिएका पाठ्यपुस्तकको प्रति |
| ९ | कक्षा १-३ को एकीकृत पाठ्यक्रम मूल्यांकन पुस्तिका छपाइ तथा वितरण | ३००० | विद्यार्थी | ३००००० | • कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम मूल्यांकन पुस्तिका छपाइ तथा वितरणमा खर्च गरिने<br>• सबै सामुदायिक विद्यालयमा प्रति विद्यार्थी १ वटा (कक्षा १ देखि ३ सम्म) पुस्तिका उपलब्ध गराउने<br>• कक्षा शिक्षकले नियमित विद्यार्थीको मूल्यांकन गरी थिम अनुसार पुस्तिका अद्यावधिक गरी राख्ने<br>• प्रधानाध्यापक तथा शिक्षा शाखाले अनुगमन गर्ने | प्रथम त्रैमासिक | • विद्यालय प्रशासन<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • पुस्तिका छपाइ गरिएको तथा दाखिला प्रतिवेदन<br>• विद्यालयमा वितरण गरिएको भर्पाई<br>• नियमित अनुगमन प्रतिवेदन वा फाराम |
| ११ | सूचना तथा संचार प्रविधियुक्त शिक्षकसँग मेयर ल्यापटप वितरण (शिक्षकको ५०% लागत साझेदारी) | ५० | थान | २०००००० | • सूचना प्रविधियुक्त शिक्षकसँग मेयर कार्यक्रम अन्तरगत ल्यापटप खरिद कार्यविधि २०७८ बमोजिम गर्ने<br>• सामुदायिक विद्यालयका शिक्षकहरूबाट ल्यापटप खरिदमा साझेदारीका लागि कम्तिमा १५ दिनको सूचना सहित आवेदन माग गर्ने<br>• छनौट तथा सिफारिस समितिको बैठकबाट निर्णय गरी खरिद प्रक्रियामा जाने | प्रथम र दोस्रो त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• खरिद समिति/शाखा<br>• मूल्यांकन समिति<br>• आर्थिक प्रशासन शाखा | • सार्वजनिक सूचना<br>• खरिद समिति तथा मूल्यांकन समितिको निर्णय<br>• शिक्षकको निवेदन तथा सम्झौता पत्र<br>• खरिद आदेश दाखिला प्रतिवेदन ल्यापटप हस्तान्तरणको भर्पाई |
| १२ | शैक्षिक भ्रमण तथा सिकाइ आदान प्रदान | १ | पटक | ५००००० | • कोहलपुर नगरपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा समिति शाखाका कर्मचारी प्रधानाध्यापक तथा सरोकारवालासहितको शिक्षा तथा शैक्षिक क्षेत्रको अवलोकन तथा भ्रमण गरिने<br>• अवलोकन भ्रमणका लागि समिति गठन गरी कार्य सम्पन्न पश्चात समितिले प्रतिवेदन सार्वजनिक गर्ने<br>• अधिकतम ४० जना सहभागी हुने | दोस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • अनुगमन भ्रमणका लागि शिक्षा समितिको निर्णय<br>• भ्रमणमा संलग्न पदाधिकारी तथा स्थानहरूको विवरण<br>• आवश्यक बिल तथा भर्पाईहरू<br>• अवलोकन भ्रमण प्रतिवेदन |
| १३ | विभिन्न समिति उपसमिति आन्तरिक बैठक तथा खाजा भत्ता (आवश्यकता अनुसार) | | आवश्यकता अनुसार | ३००००० | • नगर शिक्षा समिति परीक्षा मूल्यांकन तथा समन्वय समिति नतिजा तयारी समिति लगायत विविध बैठक बसेको खण्डमा नगर सभाले पारित गरेको नर्म्सका आधारमा बैठक भत्ता तथा खाना/खाजामा खर्च गरिने | नियमित रुपमा गरिने | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • विभिन्न समयमा बैठक बसेको निर्णय सहितको माइन्युट<br>• बैठक भत्ताको भर्पाइ तथा खाना खाजाको बिल |



पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | प्रधानाध्यापकहरूको बैठक भत्ता (प्रति बैठक रु. १००० का दरले ८ पटकसम्म) | ३२ | जना वा उपस्थिति अनुसार | ३००००० | • नियमित प्रअ बैठकमा उपस्थित हुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रअ वा प्रतिनिधि तथा शाखाका कर्मचारीलाई बढीमा ८ पटक बैठकको लागि बैठक भत्ता तथा खाजामा खर्च गरिने | नियमित रुपमा गरिने | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • विभिन्न समयमा बैठक बसेको निर्णय सहितको माइन्युट<br>• बैठक भत्ताको भर्पाइ तथा खाजाको बिल |
| १५ | शिक्षा शाखामा Digitaization/जीवन उपयोगी शिक्षा | | आवश्य कता अनुसार | ५००००० | • शिक्षा शाखाबाट सम्पादन गरिने कामकाज तथा सूचनाहरू डिजिटल प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा सहजता ल्याउने<br>• शाखाको लागि आवश्यक पर्ने सूचना तथा संचार प्रविधिसँग सम्बन्धित सामग्रीको व्यवस्थापन गर्ने<br>• शिक्षा तथा विद्यालय प्रशासनसँग सम्बन्धित अभिलेख अद्यावधिक तथा व्यवस्थापन गर्ने<br>• आवश्यकताका आधारमा अनलाइन तथा अफलाइन तालिम संचालन गर्ने | नियमित रुपमा गरिने | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सूचना प्रविधि उपशाखा | • प्रविधि सँग जोडिएका सामग्रीहरू जस्तै क्यामेरा ल्यापटप प्रोजेक्टर डिजिटल बोर्ड<br>• खरिद तथा दाखिला प्रतिवेदन<br>• आवश्यक माइन्युट बिल भर्पाई |
| १६ | अपायक माध्यमिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुका लागि साइकल प्रोत्साहन कार्यक्रम | १५० | जना | १५००००० | • माध्यमिक विद्यालयको पहुँच टाढा भएका आधारभूत विद्यालयहरूबाट कक्षा ८ उत्तीर्ण गरी कक्षा ९ मा अध्ययनरत बालबालिकाहरू लक्षित कार्यक्रम<br>• चौधरिया, लखनवार, गोहवा, चन्नहवा विद्यालयमा कक्षा ८ उत्तीर्ण बालबालिकाहरूका लागि माध्यमिक शिक्षामा पहुँच बढाउन उक्त कार्यक्रममा खर्च गरिने<br>• विद्यालयबाट तथ्यांक माग गरी प्राप्त संख्याको आधारमा नियमानुसार साइकल खरिद गरी वितरण गरिने | प्रथम र दोस्रो त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• खरिद शाखा/समिति<br>• था मूल्यांकन समिति<br>• आर्थिक प्रशासन शाखा | • विद्यालयको सिफारिस सहितको बालबालिकाहरूको विवरण<br>• खरिद समिति तथा मूल्यांकन समितिको निर्णय<br>• शिक्षकको निवेदन तथा सम्झौता पत्र<br>• खरिद आदेश दाखिला प्रतिवेदन तथा साइकल हस्तान्तरणको बिल भर्पाई |
| १७ | शिक्षकहरुलाई IEMIS तथा ICT तालिम सञ्चालन (सामुदायिक तथा संस्थागत) | ८० | २ पटक | ४००००० | • सामुदायिक तथा संस्थागत विद्यालयका ICT शिक्षक वा प्राविधिकहरूका लागि सफ्टवेयरसँग सम्बन्धित तालिम संचालन<br>• प्रति विद्यालय १ जना सहभागी हुने गरी तालिमको खाका बनाउने<br>• अनलाईन अफलाइन प्रविधिमा कक्षा शिक्षण सँग सम्बन्धित तालिम संचालन गर्ने | प्रथम त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सूचना प्रविधि उपशाखा | • तालिम संचालनको नर्म्स<br>• प्रशिक्षक तथा सहभागीको उपस्थिति तथा माइन्युट<br>• भत्ता तथा खाजाको बिल तथा भर्पाई |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | मेरो विद्यालय, मेरो जिम्मेवारी प्र.अ. प्रस्तावनाको आधारमा मा. वि., नि.मा.वि. र प्रा. वि १/१ वटा विद्यालय | ३ | विद्यालय | ४५०००० | • विद्यालय प्रशासन तथा शैक्षिक सुधारका लागि प्रअलाई जिम्मेवार बनाउने<br>• प्रधानाध्यापकहरूबाट भौतिकबाहेक शैक्षिक सुधारको लागि १५ दिने सूचना जारी गरी योजना माग गर्ने<br>• पेश गरिएका मध्ये मा. वि., नि. मा. वि. तथा प्रा. वि. बाट १/१ वटा उत्कृष्ट योजना छनौट गर्ने<br>माध्यमिक तहको लागि २ लाख निमाविको लागि १ लाख ५० हजार र प्रा.वि को लागि १ लाख रकम विनियोजन गर्ने<br>• प्रअ ले पेश गरेको योजना अनुसार करार सम्झौता गरी त्रैमासिक कार्य सम्पादन तथा शाखाको अनुगमन प्रतिवेदनका आधारमा निकासा गर्ने | प्रथम दोस्रो र तेस्रो त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सम्बन्धित प्रअ र विद्यालय | • प्रस्ताव पेश गर्ने सूचना<br>• प्रअले पेश गरेको योजनाको खाका<br>• कार्यसम्पादन करार सम्झौता<br>• कार्यसम्पादन प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| १९ | प्रधानाध्यापक तथा लेखा व्यवस्थापन तालिम | २ | पटक | २००००० | • सामुदायिक विद्यालयका प्रअ तथा सलेपाहरूको लागि प्र अ व्यवस्थापन तथा आर्थिक प्रशासनसँग सम्बन्धित तालिम संचालन<br>• प्रति मा वि तथा निमावि बाट २ जना तथा प्रावि बाट १ जना सहभागी हुने गरी तालिमको खाका बनाउने<br>• विज्ञ मार्फत सम्बन्धित विषयवस्तुमा तालिम संचालन गर्ने | प्रथम त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • तालिम संचालनको नर्म्स प्रशिक्षक तथा सहभागीको उपस्थिति तथा माइन्युट<br>• भत्ता तथा खाजाको बिल तथा भर्पाई |
| २० | उत्कृष्ट बालविकास शिक्षक,कर्मचारी र शिक्षकहरूलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम | १० | जना | १००००० | • कोहलपुर नगरपालिकाको शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय भुमिका निर्वाह गर्ने शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन सम्मान गर्न शिक्षा शाखाको संयोजकत्वमा महासंघ तथा पेशागत घटक सहितको कार्यदल गठन गरी कार्यदलको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई सम्मान गर्ने<br>• उत्कृष्ट शिक्षक छनौटका लागि शाखाबाट मापदण्ड तयार गर्ने<br>• शिक्षा समितिले उक्त मापदण्ड स्वीकृत गरी शाखाबाट कार्यान्वयन गर्ने<br>• उत्कृष्ट शिक्षक तथा कर्मचारीलाई दोसल्ला कदर पत्र सहित सम्मान गरिने | प्रथम त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • उत्कृष्ट शिक्षक छनौट मापदण्ड<br>• शिक्षा समितिको निर्णय तथा सिफारिस |
| २१ | आधारभूत नमूना विद्यालय कार्यक्रम | १ | विद्यालय | १५०००००० | • आधारभूत नमूना विद्यालयको मापदण्ड शाखाले तयार गर्ने र शिक्षा समिति मार्फत स्वीकृत गरी कार्यान्वयन गर्ने<br>• भौतिक पूर्वाधार, विद्यार्थी संख्या, शिक्षक दरबन्दीलाई आधार लिने<br>• विद्यालयको अद्यावधिक विद्यालय सुधार योजना आर्थिक तथा सामाजिक परीक्षण, IEMIS अद्यावधिकको अवस्था तथा विद्यालयको खर्चको नर्म्सलाई आधार मान्ने<br>• विद्यालयबाट प्रस्ताव माग गर्ने र प्राप्त प्रस्तावलाई समितिमा छलफल गरी निर्णय गर्ने<br>• आवश्यकतालाई मध्यनजर गरी | प्रथम वा दोस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• योजना तथा पूर्वाधार विकास शाखा<br>• आर्थिक प्रशासन शाखा | • आधारभूत नमूना विद्यालय छनौट मापदण्ड<br>• विद्यालयको प्रस्ताव<br>• शिक्षा समितिको माइन्युट निर्णय<br>• प्राविधिक इस्टिमेट तथा कार्यसम्पन्न प्रतिवेदन<br>• निकासाको शिट |



पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | शिक्षक केन्द्रको व्यवस्थापन तथा सुदृढीकरण | १ | एकमुष्ट | १५०००० | • शिक्षक केन्द्रको सुदृढीकरणका लागि आवश्यक पर्ने फर्निचर पंखा कार्यालय व्यवस्थापनका सामग्रीहरू खरिद तथा मर्मत सम्भार लगायतमा खर्च गर्ने | नियमित रुपमा गरिने | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• खरिद शाखा/समिति<br>• आर्थिक प्रशासन शाखा | • खरिद समितिको निर्णय<br>• खरिद आदेश दाखिला प्रतिवेदन<br>• आवश्यक बिल भर्पाइहरू |
| २३ | विषयगत सिकाइ केन्द्र सुदृढीकरण अनुदान | ५ | केन्द्र | २५०००० | • कोहलपुर नगरपालिका अन्तरगत रहेका ५ वटा विषयगत सिकाइ केन्द्रहरूका लागि प्रति केन्द्र रु. ५०००० का दरले वार्षिक एकमुष्ट विद्यालयको खातामा निकासा गर्ने<br>• अर्धवार्षिक तथा वार्षिक परीक्षाको प्रश्न पत्र निर्माण शिक्षक छनौट परीक्षाको प्रश्न पत्र निर्माण लगायतका कार्यशाला संचालन गर्ने<br>• कार्यसम्पादन पश्चात शाखामा फछर्यौटका लागि फाइल पेश गर्ने | प्रथम दोस्रो र तेस्रो त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सिकाइ केन्द्र रहेको सम्बन्धित विद्यलाय | • कार्यशाला संचालन गरेको उपस्थिति माइन्युट तथा निर्णय<br>• खाजा तथा स्टेशनरीको बिल भर्पाइ |
| २४ | पुस्तकालय सुदृढीकरण तथा व्यवस्थापन तालिम | ३० | जना | २००००० | • सामुदायिक मा. वि. तथा आ. वि. विद्यालयमा पुस्तकालय व्यवस्थापन तथा सुदृढीकरणका लागि तालिम संचालन गर्ने<br>• शाखाले तालिम संचालनको लागि नर्म्स र प्रस्तावसहित कम्तिमा पनि ५ वा ७ दिनको तालिम संचालन गर्ने वा तालिम प्रदायक संस्था मार्फत प्रस्ताव माग गर्ने<br>• सबै सामुदायिक विद्यालयबाट १ जना पुस्तकालयाध्यक्ष वा कर्मचारी सहभागी गराउने<br>• तालिम पश्चात शाखामार्फत तालिमको प्रभावकारिता अनुगमन गर्ने | दोस्रो त्रैमासिक | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सम्बन्धित विद्यलाय | • तालिम संचालनको नर्म्स<br>• प्रशिक्षक तथा सहभागीको उपस्थिति तथा माइन्युट<br>• भत्ता तथा खाजाको बिल तथा भर्पाई<br>• तालिम सम्पन्न प्रतिवेदन |
| २५ | नगरस्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता संचालन | ३० | पटक | २३२००० | • शाखाले वा विद्यालयले विद्यालयमा शुक्रबारीय वा विभिन्न दिवसमा नगर स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्ने<br>• अतिरिक्त क्रियाकलाप तथा संचालन गर्ने विद्यालय प्रअ बैठकले टुंगो लगाउने<br>• अतिरिक्त क्रियाकलाप संचालन गरे बापत बालबालिकाहरूलाई खाजा खर्चको लागि प्रति विद्यालय रु. ७५०० बजेट विनियोजन गरिने<br>• विद्यालयले कार्यक्रम संचालन गरी खाजा खर्चको बिल भर्पाई पेश गरी शाखाको सिफारिसमा भुक्तानी माग गर्ने<br>• यो रकम एउटा विद्यालयले एकपटक मात्र प्राप्त गर्नेछ। | नियमित रुपमा गरिने | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा<br>• सम्बन्धित विद्यलाय | • अतिरिक्त क्रियाकलाप संचालनको माइन्युट उपस्थिति<br>• खर्चको विवरण सहितको बिल भर्पाई |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | बालविकास पूर्वाधार विकास तथा शिक्षकहरुको क्षमता विकास कार्यक्रम | ५ | ५ विद्यालय १ तालिम | १०००००० | • बाल विकास केन्द्रबाट प्रस्ताव माग गरी Need Assessment गर्ने<br>• प्रस्तावका आधारमा स्थलगत अनुगमन गरी बालबालिकाको संख्या स का हरूको संख्याको आधारमा अवस्था पहिचान गर्ने<br>• केन्द्रको वास्तविक आवश्यकता हेरी शिक्षा समिति मार्फत ५ वटा बाविके लाई नमूना केन्द्रको रुपमा निर्णय गरी कार्यक्रम बनाइ खर्च निकासा गर्ने<br>• बाल विकास शिक्षकहरूको लागि १ पटक क्षमता विकास तालिम संचालन गर्ने | दोस्रो तथा तेस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • केन्द्रबाट पेश गरिएका प्रस्ताव<br>• अनुगमन फाराम तथा प्रतिवेदन<br>• शिक्षा समितिको निर्णय<br>• तालिम संचालन नर्म्स<br>• उपस्थिति हाजिरी तथा खर्चको बिल भर्पाई |
| २७ | नगरस्तरीय आधारभूत तह परीक्षा तथा मोक टेस्ट संचालन तथा व्यवस्थापन | २ | पटक | ८००००० | • नगरस्तरीय आधारभूत तह परीक्षा सम्बन्धी कार्यविधिको अधीनमा रही परीक्षा समितिको निर्णय अनुसार परीक्षा संचालन गर्ने<br>• परीक्षा समितिबाट समानीकरण अनुदान तथा विद्यार्थीबाट प्राप्त रकम सहितको नर्म्स स्वीकृत गरी आधारभूत तह कक्षा ८ को परीक्षा संचालन गर्ने<br>• आधारभूत तह परीक्षा संचालनको लागि रु ५००००० खर्च गर्ने<br>• रुम टु रिडको सहयोगमा SEE परीक्षा दिने विद्यार्थीका लागि नमूना परीक्षा (SEE Mock Test) संचालन गर्ने<br>• नमूना एसइइ परीक्षाको लागि यो शीर्षकबाट रु ३००००० खर्च गरिने | तेस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• नगरस्तरीय परीक्षा मूल्यांकन तथा समन्वय समिति<br>• साझेदार संस्था रुम टु रिड<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • परीक्षा सम्बन्धी शिक्षा तथा परीक्षा समितिको निर्णय<br>• स्वीकृत नर्म्स तथा कार्यक्रम मोक टेस्ट सहितको प्रश्नपत्र<br>• परीक्षा संचालनको समयशारिणि<br>• परीक्षा संचालन तथा कार्यसम्पादनको अनुगमन फाराम प्रतिवेदन |
| २८ | शैक्षिक हब निर्माणका लागि बृहत शिक्षा योजना निर्माण | १ | पटक | ५००००० | • कोहलपुर नगरपालिकाको पञ्चवर्षीय वा १० वर्षे आगामी शिक्षा योजना निर्माणका लागि खर्च गरिने<br>• नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा योजना निर्माणको लागि नर्म्स स्वीकृत गर्ने<br>• आवश्यकता अनुसार बाह्य विज्ञ झिकाइ सरोकारवाला सबैको समुपस्थितिमा शिक्षा योजना निर्माणका लागि बृहत कार्यशाला संचालन गर्ने<br>• योजनाका सबै क्षेत्र समेटिने गरी उपसमिति गठन गरी सुझाव संकलन गर्ने<br>• योजनाको ड्राफ्ट तयार भैसकेपछि कार्यपालिकाबाट स्वीकृत गरी छपाउने | दोस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• सामाजिक विकास समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• जन प्रतिनिधि शिक्षक<br>• हासंघ पेशागत घटकहरू<br>• आर्थिक प्रशासन शाखा | • समितिको निर्णयको माइन्युट<br>• योजना निर्माणका लागि आवश्यक सम्झौता (सेवा खरिद गरेमा)<br>• विभिन्न समयमा बसेका बैठक तथा कार्यशालाको उपस्थिति<br>• खर्च पुष्टि गर्ने बिल भर्पाई<br>• नगर शिक्षा योजनाको पुस्तक |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | मेयर कप रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता संचालन अनुदान | १ | पटक | ६००००० | • नगरस्तरीय मेयर कप रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालनको लागि नगरस्तरीय खेलकुद विकास समितिको संयोजकत्वमा शैक्षिक क्यालेन्डरमा निर्धारित मितिमा प्रतियोगिता संचालन गर्ने<br>• नगरस्तरीय मेयर कप रनिङ शिल्ड खेलकुद प्रतियोगिताको लागि कार्यविधि निर्माण गरी कुनै एक सामुदायिक माध्यमिक विद्यालयमार्फत संचालन गर्ने<br>• कोहलपुर नगरपालिका अन्तरगत संचालित माध्यमिक विद्यालयका बालबालिकाहरूलाई सहभागी गराउने<br>• खेलकुद प्रतियोगिता संचालन सम्बन्धि थप व्यवस्था कार्यविधिमा तोकेबमोजिम हुनेछ। | दोस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• नगरस्तरीय खेलकुद विकास समिति<br>• सामाजिक विकास समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• माध्यमिक विद्यालयहरू सबै<br>• विविध विधाका खेल प्रशिक्षकहरू | • खेलकुद संचालनबारे कार्यविधि<br>• खेल संचालनको लागि मूल आयोजक समिति तथा अन्य उपसमिति बैठक तथा उपस्थिति<br>• पुरस्कार तथा प्रमाण पत्र खरिद तथा वितरणको बिल भर्पाई<br>• खेलकुद प्रतियोगिता सम्पन्न गरिएको प्रतिवेदन |
| ३० | उप मेयर कप छात्रा क्रिकेट कप प्रतियोगिता | १ | पटक | ३००००० | • नगरस्तरीय उप मेयर कप छात्रा क्रिकेट प्रतियोगिता संचालनको लागि नगरस्तरीय खेलकुद विकास समितिको संयोजकत्वमा शैक्षिक क्यालेन्डरमा निर्धारित मितिमा प्रतियोगिता संचालन गर्ने<br>• नगरस्तरीय उप मेयर कप छात्रा क्रिकेट प्रतियोगिताको लागि कार्यविधि निर्माण गरी कुनै एक सामुदायिक विद्यालयमार्फत संचालन गर्ने<br>• कोहलपुर नगरपालिका अन्तरगत संचालित आधारभूत तथा माध्यमिक विद्यालयका छात्राहरूलाई सहभागी गराउने<br>• खेलकुद प्रतियोगिता संचालन सम्बन्धि थप व्यवस्था कार्यविधिमा तोकेबमोजिम हुनेछ। | दोस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• नगरस्तरीय खेलकुद विकास समिति<br>• सामाजिक विकास समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• सम्बन्धित विद्यालयहरू सबै<br>• खेल प्रशिक्षकहरू | • खेलकुद संचालनबारे कार्यविधि<br>• खेल संचालनको लागि मूल आयोजक समिति तथा अन्य उपसमिति बैठक तथा उपस्थिति<br>• पुरस्कार तथा प्रमाण पत्र खरिद तथा वितरणको बिल भर्पाई<br>• खेलकुद प्रतियोगिता सम्पन्न गरिएको प्रतिवेदन |
| ३१ | वृत्ति मार्ग निर्देशन (Career Guidance) कार्यक्रम संचालन | ३ | विद्यालय | ३००००० | • इनस्योर परियोजना दोस्रो अन्तरगत निर्धारित कार्यक्रमसँगै वृत्ति मार्ग निर्देशनका लागि विद्यालय छनौट गरी कार्यक्रम संचालन गर्ने<br>• कार्यक्रम संचालनका लागि समिति मार्फत विद्यालय छनौट गरी सम्झौता गर्ने<br>• सम्झौता अनुसार निर्धारित समयमा कार्य सम्पन्न गर्ने | प्रथम तथा तेस्रो त्रैमासिक | • नगर कार्यपालिका<br>• नगर शिक्षा समिति<br>• इन्स्योर परियोजना दोस्रो प्रतिनिधि<br>• शिक्षा युवा तथा खेलकुद शाखा | • समितिको निर्णय<br>• विद्यालयसँगको सम्झौता पत्र<br>• कार्यक्रम संचालन माइन्युट उपस्थिति<br>• पारिश्रमिक वितरणको भर्पाई<br>• नर्म्स अनुसार खर्चको बिल भर्पाइ<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ३२ | उप प्रमुख छात्रवृत्ति (SEE र BLE) परिक्षामा उत्कृष्ठ नतिजा प्राप्त गर्ने सामुदायिक तथा सस्थांगत विद्यालयका विद्यार्थीलाई सहयोग | ८ | जना | ८०००० | • नगर शिक्षा समितिको निर्णयानुसार शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परीक्षा (SEE) तथा आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षामा (BLE) उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक विद्यालय तर्फका १ जना छात्र र १ जना छात्रा तथा संस्थागत विद्यालयका १ जना छात्र तथा १ जना छात्रा गरी जम्मा ८ जना बालबालिकालाई जनही रु. १००००/- नगद पुरस्कार सहित उप प्रमुखद्वारा प्रोत्साहन तथा प्रशंसा पत्र प्रदान गर्ने | प्रथम त्रैमासिक | • नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • शिक्षा समितिको निर्णय<br>• पुरस्कार तथा कदर पत्र वितरणको भर्पाई तथा बिल बिजक |

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिकाको कार्यालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३३ | विद्यालयमा आधारित साहित्य विज्ञान संगीत तथा मौलिक कला प्रदर्शनी (सामुदायिक तथा संस्थागत सबै) | १ | पटक | ५००००० | • प्रअ बैठकको सिफारिस तथा नगर शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखाको संयोजकत्वमा यस नगरपालिका अन्तरगत संचालित विद्यालयमा अध्ययनरत बालबालिकाहरूको प्रतिभा प्रदर्शनीको लागि यो कार्यक्रम संचालन गरिने<br>• विद्यालयको प्राङ्गणमा स्टलहरू निर्माण गरी बालबालिकाका प्रतिभाहरू प्रदर्शन गरिने<br>• प्रदर्शनीमा राखिएका कला प्रतिभाको मूल्यांकनका लागि एउटा मूल्यांकन समिति निर्माण गरिने<br>• मूल्यांकनको मापदण्ड तयार गरी सोका आधारमा मूल्यांकन गरिने<br>• उत्कृष्ट प्रतिभावान विद्यालय वा विद्यार्थीलाई नगद सहित पुरस्कार प्रदान गरिने | तेस्रो त्रैमासिक | • नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• आर्थिक प्रशासन शाखा | • कार्यक्रमको लागि समितिको निर्णय<br>• उपस्थिति हाजिरी<br>• कार्यक्रमका फोटो भिडियोहरू<br>• मूल्यांकन मापदण्ड<br>• पुरस्कार तथा प्रमाण पत्र वितरणको बिल भर्पाई<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ३४ | स्वेच्छिक अवकाश लिने बाल विकास शिक्षकका लागि सुनौलो कोशेली कार्यक्रम | १० | आवश्यकता अनुसार | १५०००००० | • स्वेच्छिक अवकाशमा जान चाहने ५० वर्ष उमेर पुरा भएका एस एल सी भन्दा कम शैक्षिक योग्यता भएका तथा स्वास्थ्य वा शारीरिक अवस्थाका कारण सेवामा निरन्तरता दिन नसक्ने बाल विकास स का हरूका लागि आकर्षक सुविधा सहितको बहिर्गमनको लागि शिक्षा समितिको निर्णय अनुसार सुनौलो कोसेली प्रदान गरी सेवाबाट स सम्मान बिदा गर्ने<br>• सुनौलो कोशेली कार्यक्रमका लागि बाल विकास शिक्षक दरबन्दी मिलान कार्यविधि २०७८ का आधारमा मापदण्ड तयार गर्ने<br>• मापदण्डका आधारमा स्वेच्छिक अवकाश लिन चाहने शिक्षकहरूबाट निवेदन माग गर्न कम्तिमा पनि १५ दिनको सार्वजनिक सूचना जारी गर्ने<br>• प्राप्त निवेदन उपर छलफल तथा शिक्षा समितिमा सिफारिस गर्नका लागि कार्यदल गठन गर्ने<br>• शाखाको समन्वयमा कार्यदलको सिफारिसमा शिक्षा समितिको निर्णयानुसार कार्य सम्पन्न गर्ने | तेस्रो तथा चौथो त्रैमासिक | • नगर कार्यपालिका<br>• नगर शिक्षा समिति<br>• शिक्षा युवा तथा खेलकुद शाखा<br>• शिक्षक महासंघ तथा पेशागत घटकहरू | • दरबन्दी मिलान कार्यविधि<br>• नगर शिक्षा समिति तथा कार्यदलको निर्णयका प्रतिलिपि<br>बैठक उपस्थिति तथा छनौटका निर्णयहरू |

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख